**प्रेस विज्ञप्ति**

# वैदेशिक रोजगारीमा कोभिड-१९ प्रभाव सर्वेक्षण

प्रदेश नं. ५ मा स्थायी बसोबास भई हाल विदेशमा रोजगारी, व्यापार तथा पेशागत आयआर्जनमुखी काम गरिरहेका र उक्त कामबाट सन् २०२० जनवरी १ पछि नेपाल फर्केका प्रदेशवासीलाई कोरोना भाइरस (कोभिड -१९) ले पारेको असरलाई प्रदेश सरकारले गम्भीरतापूर्वक लिएको छ। त्यसैअनुसार, प्रदेश योजना आयोग, प्रदेश नं. ५ ले प्रदेश सूचना तथा संचार प्रविधि प्रतिष्ठानको प्राविधिक सहयोगमा एक सर्वेक्षण गर्न लागेको छ। उक्त सर्वेक्षण **report.p5.gov.np** मा गई भर्न सकिनेछ र सर्वेक्षणको लागि ३ देखि ५ मिनेटको समय लाग्ने अनुमान छ।

उक्त सर्वेक्षण तथ्याङ्क संकलनका लागि मात्र गर्न लागिएको हो र यो सर्वेक्षण प्रदेश सरकारको कुनै किसिमको आश्वासन होइन। संकलित तथ्याङ्क प्रदेशका नीति, कार्यक्रम, बजेट तथा योजना निर्माण प्रयोजनका लागि प्रयोग गरिनेछ। प्रदेश सरकारले आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटको तयारी गरिरहेको सन्दर्भमा वैदेशिक रोजगारीबाट फर्केका जनतालाई कसरी अधिकतम सम्बोधन गर्न सकिन्छ भन्नेमा उक्त सर्वेक्षणले उल्लेखनीय सहयोग पुर्‍याउने अपेक्षा छ।

यो सर्वेक्षण ती लक्षित वर्गसम्म पुगोस् र धेरैभन्दा धेरै लक्षित वर्गले यो सर्वेक्षण भर्न सकून् भनेर आमसंचारका मित्रहरूको हार्दिक सहयोगको अपेक्षासहित प्रदेश योजना आयोगले यो प्रेस विज्ञप्ति जारी गरेको छ। कृपयाः आफू आबद्ध संचार माध्यममा यो समाचारलाई प्राथमिकताका साथ प्रकाशन गरिदिई सहयोग गर्नुहुन अनुरोध छ।

मितिः २०७७ वैशाख ३०

-डा. विष्णुप्रसाद गौतम

सदस्य, प्रदेश योजना आयोग